**गेरुवा गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः ५ | संख्याः १३ | मिति : २०७८/०९/०७

भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

गेरुवा गाउँपालिकाको उद्योग, व्यवसाय दर्ता कार्यविधि २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकाले, गेरुवा गाउँपालिकाले देहायको कार्यविधि बनाएको छ ।

संवत् २०७८ सालको नियम नं. १३

**उद्योग, व्यवसाय दर्ता सम्बन्धी कार्यविधि (प्रथम संशोधन), २०७८**

# उद्योग, व्यवसाय दर्ता सम्बन्धी कार्यविधि (प्रथम संशोधन), २०७८

गेरुवा गाउँपालिका भित्रको व्यवसाय दर्ता प्रक्रियालाई सरल, सहजर व्यवस्थित बनाउन तथा व्यवसायीहरुलाई गाउँपालिका प्रति उत्तरदायी, जवाफदेही, जिम्मेवार बनाई कारोवारमा प्रतिस्पर्धा कायम राख्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (ञ) तथा प्रशासकीय कार्यविधि (नियमित गर्नेे) ऐन, लुम्बिनी प्रदेशको प्राईभेट फर्म दर्ता ऐन, २०७६ को दफा ६ र उद्योग, व्यवसाय दर्ता कार्यविधि, २०७६ को नियम १२ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०९/०७ गतेको गेरुवा गाउँ कार्यपालिकाको बैठकबाट यो कार्यविधि पारित गरि जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "**उद्योग, व्यवसाय दर्ता सम्बन्धी कार्यविधि(प्रथम संशोधन), २०७८**" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. **प्रस्तावनामा संशोधन :** प्रस्तावनामा " लुम्बिनी प्रदेशको प्राईभेट फर्म दर्ता ऐन, २०७६ को दफा ६ र उद्योग, व्यवसाय दर्ता कार्यविधि, २०७६ को नियम १२" थप गरिएको छ।

आज्ञाले,

विष्णु प्रसाद गुरुङ

प्रमुख प्रशासकीय अधिकृत